# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ११ मिति २०८०/०४/२७

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८०**

राप्ती सोनारी गाउँपालिका

**प्रमाणीकरण मिति २०८०/०४/२७**

**राप्ती सोनारी गाउँपालिका**
**छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८०**

प्रस्तावनाः–

राप्ती सोनारी गाउँपालिकामा स्थायी बसोबास भई शिक्षाको अवसरबाट नागरिकहरु बञ्चित नहोउन भनी गाउँपालिकाको जनशक्तिको आवश्यकता विश्लेषणको आधारमा विभिन्न विषयमा दिईने छात्रवृत्तिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ज (१६) को व्यवस्थालाई परीणाममुखी बनाउन प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ बमोजिम राप्ती सोनारी गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "राप्ती सोनारी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८०" रहको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "छात्रवृत्ति" भन्नाले कुनै अध्ययन, अनुसन्धान, तालिम वा प्रशिक्षणका लागि गाउँपालिकाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा, गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार वा कुनै शैक्षिक संस्थाले उपलब्ध गराएको आर्थिक अनुदान वा सुविधा वा प्राविधिक सहायता सम्झनु पर्छ।

(ख) "सरकार" भन्नाले सामान्यतया राप्ती सोनारी गाउँपालिकालाई सम्झनु पर्छ र सो शब्दले संघीय सरकार र प्रदेश सरकारलाई समेत जनाउनेछ।

(ग) "गाउँपालिका" भन्नाले राप्ती सोनारी गाउँपालिका सम्झनु पर्छ।

(घ) "छात्रवृत्ति निर्धारण समिति" भन्नाले दफा ६ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्छ।

(ङ) "छनौट समिति" भन्नाले दफा ८ बमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्छ।

(च) "मूल विषय" भन्नाले छात्रवृत्तिको लागि दरखास्त आव्हान गर्दा सार्वजनिक रुपमा प्रकाशन गरिएको सूचनामा तोकेको विषय सम्झनु पर्छ।

(छ) "परीक्षा" भन्नाले छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा उमेदवार छनौट गर्न लिइएको परीक्षा सम्झनु पर्छ।

**३. छात्रवृत्तिको विषय स्वीकृत गर्नुपर्नेः** (१) प्रत्येक आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम बनाउँदा गाउँपालिकाबाट दिईने विभिन्न किसिम, तह वा स्तरको छात्रवृत्तिको विवरण शिक्षा, युवा तथा खेलकुद शाखाले तयार पारी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिका समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको प्रस्तावलाई गाउँ कार्यपालिकाले अनुकूल चाहिने जनशक्तिको आधारमा विश्लेषण गरी छात्रवृत्तिको विषय स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम विषय स्वीकृत भए पछि शिक्षा, युवा तथा खेलकुद शाखाले स्वीकृत गरिएका छात्रवृत्तिको विषय, अध्ययन वा तालिमको निमित्त उपयुक्त शैक्षिक संस्था, तालिमकोस्तर, अवधि र संख्या, उम्मेदवार खुला प्रतियोगिता वा अन्य छनौटको विधि अवलम्बन गरी कसरी छनौट गर्ने हो सो समेत खुलाई प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पठाउनेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएका विषय मध्ये स्वदेशमै अध्ययन वा तालिमका व्यवस्था भए नभएको जाँची जिल्लाभित्र वा स्वदेशमा अध्ययन वा तालिमको व्यवस्था भए नभएको एकीन गरी स्वदेशमा भएका संस्थामा अध्ययन वा तालिम प्रदान गर्न कारवाही गर्नेछ।

**४. पहिले नै प्राप्त भई सकेका छात्रवृत्तिको विषय स्वीकृति सम्बन्धी व्यवस्थाः** गाउँपालिकाबाट छात्रवृत्ति माग हुनु भन्दा अगावै संघीय सरकार वा प्रदेश सरकार वा अन्य कुनै संस्थाबाट कुनै विषयमा अध्ययन वा तालिमका लागि छात्रवृत्ति प्राप्त भएमा र सो छात्रवृत्ति राष्ट्रिय योजना अनुकूल देखिएमा गाउँ कार्यपालिकाले त्यस्तो छात्रवृत्तिको विषय स्वीकृत गरी त्यस्तो छात्रवृत्तिमा खुला प्रतियोगिता वा अन्य तरिका जुन प्रक्रियाबाट उम्मेदवार छनौट हुने हो सो समेत खुलाई निर्णय गर्नेछ ।

**५. स्वीकृत नभएको विषयमा छात्रवृत्ति नपठाउनेः** दफा ३ वा ४ मा लेखिएदेखि बाहेक गाउँपालिकाबाट विषय स्वीकृत नभएको छात्रवृत्ति प्राप्त गरिने वा त्यस्तो छात्रवृत्तिमा अध्ययन वा तालिममा पठाइने छैन ।

**६. छात्रवृत्ति निर्धारण समितिः** (१) छात्रवृत्ति सम्बन्धी नीति निर्धारण, समन्वय तथा व्यवस्थापन गर्ने काम समेतको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति निर्धारण समिति रहनेछः–

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक – सदस्य

(घ) शिक्षा शाखा प्रमुख – सदस्य

(ङ) गाउँपालिकामा सञ्चालित माविस्तरको विद्यालयको प्रधानाध्यापक – सदस्य

(च) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य १ जना – सदस्य

(छ) शिक्षा शाखा प्रमुख – सदस्य–सचिव

(२) छात्रवृत्ति निर्धारण समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(३) छात्रवृत्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. छात्रवृत्ति निर्धारण समितिको काम, कर्तव्य र अधिकारः** छात्रवृत्ति निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) छात्रवृत्ति प्राप्त गर्न आवश्यक कारवाही गर्ने,

(ग) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरु बीच समन्वय कायम गर्ने,

(घ) छात्रवृत्ति आरक्षण गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,

(ङ) परीक्षा सम्बन्धी आचार संहिता बनाई लागुगर्ने,

(च) छात्रवृत्ति सम्बन्धमा आवश्यक अन्य काम गर्ने गराउने ।

**८. छात्रवृत्ति छनौट समितिः** (१) तोकिएको मापदण्डद्वारा छात्रवृत्ति छनौट गर्ने कार्यको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछः–

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) गाउँपालिकाले मनोनयन गरेका गरेको एकजना विशषेज्ञ – सदस्य

(ग) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य हुनको लागि कुनै क्याम्पस वा विद्यालय वा सो अन्तर्गतका निकायमा शिक्षण वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि तिन (३) वर्षको हुनेछ ।

(४) छात्रवृत्ति छनौट समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) छात्रवृत्ति छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकारः** (१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) लिखित परिक्षा लिएर गर्नुपर्ने भएमा परीक्षा संचालन गर्ने, प्रश्नपत्र निर्माण गर्ने तथा परीक्षा केन्द्र तोक्ने लगायत परीक्षासंग सम्बन्धित अन्य कार्यहरु गर्ने,

(ख) परीक्षाको पाठ्यक्रम स्वीकृत गर्ने तथा मुख्य विषय तोक्ने,

(ग) परीक्षाको लागि लिइने दरखास्त शुल्क तथा पुनर्योग शुल्क निर्धारण गरी गाउँ कार्यपालिका समक्ष सिफारिश गर्ने,

(घ) प्रमुख परीक्षक, परीक्षक तथा प्रश्नपत्र निर्माण गर्ने विशेषज्ञको सूची तयार गरी अद्यावधिक बनाई राख्ने,

(ङ) परीक्षा सम्बन्धी आचार संहिताको मस्यौदा बनाई छात्रवृत्ति निर्धारण समिति समक्ष पेश गर्ने,

(च) परीक्षाको आचार संहिता उलंघन गर्ने व्यक्ति उपर आवश्यक कारवाही गर्न गाँउ कार्यपालिका समक्ष सिफारिस गर्ने,

(छ) परीक्षाफल प्रकाशित भएको छ महिनापछि नियमित प्रकृया अपनाई उत्तर पुस्तिका धुल्याउने,

(ज) उम्मेदवार हुनको लागि चाहिने न्यूनतम योग्यता तोक्ने,

(झ) छात्रवृत्ति निर्धारण समितिले दिएको नीति निर्देशनलाई पालना गर्ने,

(ञ) परीक्षा सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

ट) खुला परिक्षा बाहेक तोकिएको मापदण्ड बमोजिम गर्नुपर्ने भएमा कार्यविधिले तोकेको मापदण्ड बमोजिम उम्मेदवारहरुको छनौट कार्य गर्ने ।

**१०. उम्मेदवारको छनौटः** (१) यस कार्यविधिमा तोकिएको विषय तथा विधामा मापदण्डको आधारमा छनौट गर्न सकिनेछ ।

**११. छात्रवृत्ति आरक्षण गरिनेः** (१) गाउँपालिकाले प्रदान गर्ने वा गाउँपालिकाको नाममा प्राप्त छात्रवृत्तिलाई शतप्रतिशत मानी सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिनेछः–

(क) आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि तेतिस प्रतिशत,

(ख) महिलाका लागि पच्चिस प्रतिशत,

(ग) अपाङ्गका लागि पाँच प्रतिशत,

(घ) जनजातिका लागि पन्ध्र प्रतिशत

(ङ) दलितका लागि दश प्रतिशत

च) मुक्त कमलहरी दश प्रतिशत

छ) द्वन्द्व पीडित दुई प्रतिशत

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि, (१) "द्वन्द्व पिडित दुई प्रतिशत" भन्नाले जनयुद्ध, लोकतन्त्रका लागि सम्बत् २०६२/०६३ मा सञ्चालन भएको जनआन्दोलन, मधेश आन्दोलन लगायत लोकतन्त्रका लागि मुलुकभित्र सञ्चालित सम्पूर्ण आन्दोलन वा क्रान्तिको क्रममा बेपत्ता पारिएको वा सहिद भएको व्यक्तिलाई जनाउँछ ।

(४) यस दफा बमोजिम प्रतिशत निर्धारण गर्दा दशमलव पछि अङ्क आएमा देहाय बमोजिम गरिनेछः–

(क) दशमलव भन्दा पछि आएको अङ्कमध्ये सबैभन्दा बढी अङ्क ल्याउनेलाई एक स्थान थप गर्ने,

(ख) दशमलव पछिको अङ्क बराबर भएमा साधारण योग्यताक्रममा अगाडि रहको उम्मेदवार भएको समुदायलाई एक स्थान थप गर्ने ।

उदाहरणको लागि प्रतिशत निर्धारण गर्दा

(५) यस दफा बमोजिम स्थान वितरण गर्दा जुन शैक्षिक संस्था वा स्थानको लागि छात्रवृत्ति प्राप्त भएको हो सो शैक्षिक संस्था वा स्थानको लागि साधारण समूह तथा स्थान आरक्षित गरिएको समूह समाहित हुने गरी स्थान वितरण गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम आरक्षित गरिएको स्थान र साधारण समूहको लागि छुट्याइएको स्थानलाई प्रत्येक वर्ष समायोजन गर्न सकिनेछ ।

(७) कुनै समूहको लागि छुट्याइएको स्थानमा सो समूहको दरखास्त पर्न नआएमा वा उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो समूहलाई छुट्याइएको स्थान स्वतः साधारण समूहमा सर्नेछ ।

**१२. सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेः** गाउँपालिकाले छात्रवृत्तिको लागि लिइने परीक्षाको निमित्त देहायका कुराहरु खुलाई परीक्षा लिईने मिति भन्दा कम्तीमा पन्ध्र दिन अगावै नेपालबाट प्रकाशन हुने राष्ट्रियस्तरको कुनै दैनिक पत्रिका मार्फत सार्वजनिक रुपमा सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्नु पर्नेछः–

(क) परीक्षामा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता,

(ख) दफा ११ बमोजिम आरक्षण गरिएको छात्रवृत्तिको सङ्ख्या,,

(ग) खण्ड (ख) बमोजिम आरक्षित गरिएको छात्रवृत्तिको लागि उम्मेद्वारी दिनको लागि दरखास्त साथ पेश गर्नु पर्ने सिफारिस तथा अन्य कागजातहरुको विवरण,

(घ) परीक्षा दस्तुर,

(ङ) दरखास्त दिने स्थान र ढाँचा,

(च) दरखास्त दिने माध्यम

(छ) परीक्षा सम्बन्धी अन्य आवश्यक कुराहरु ।

**१३. उम्मेदवार हुन चाहिने न्यूनतम योग्यता**: (१) यस कार्यविधि बमोजिम लिइने परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले छनौट समितिले तोकिदिएको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी परीक्षामा कम्तीमा साठी (६०) प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि छात्रवृत्ति उपलब्ध गराउने संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, कुनै निकाय वा शिक्षण संस्थाले छात्रवृत्तिका लागि छुट्टै शैक्षिक योग्यता र उत्तीर्ण प्रतिशत तोकेको रहेछ भने सो समेत पूरा गरेको हुनुपर्नेछ।

**१४. दरखास्त बुझाउनु पर्ने**: दफा ११ बमोजिम प्रकाशित सूचना बमोजिमको परीक्षामा उम्मेदवार हुन चाहने व्यक्तिले सो सूचनामा तोकिएको दस्तुर बुझाई सोही सूचनामा तोकिएको म्यादभित्र दफा ११ को खण्ड (च) बमोजिमको माध्यमबाट **अनुसूची -१** बमोजिमको ढाँचामा गाउँपालिकामा दरखास्त बुझाउनु पर्नेछ।

**१५. सिफारिस पेश गर्नुपर्ने**: (१) दफा ११ बमोजिम आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने देहायका व्यक्तिले दफा १३ बमोजिम दरखास्त बुझाउदाका बखत आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहाय बमोजिमको निकायको सिफारिस पेश गर्नु पर्नेछ।

(क) अपाङ्गता भएका व्यक्तिले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(ख) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(ग) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट,

(घ) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले वडा कार्यालय वा गाउँपालिकाबाट,

(ङ) बेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाईते वा निजको सन्तत्तिले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको सिफारिस पेश गर्दा निज दरखास्त दिदाका वखत सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको हुनु पर्नेछ र त्यस्तो व्यक्तिले पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ११ बमोजिम आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने व्यक्तिले दफा १४ बमोजिम दरखास्त बुझाउने समयमा गाउँपालिकाले विपन्नको कारण खुलाई **अनुसूची–२** को ढाँचामा गरेको सिफारिस पेश गर्नु पर्नेछ।

**१६. तोकिए बमोजिम खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्नुपर्ने भएमा**: (१) खुला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गर्नको लागि एकसय अङ्कको लिखित परीक्षा सञ्चालन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोगात्मक परीक्षाको आधारमा छनौट गर्नु पर्ने विषयमा उमेदवार छनौट गर्दा छात्रवृत्ति छनौट समितिले सो सम्बन्धमा सूचना प्रकाशन गर्नु अघि नै छनौट सम्बन्धी छुट्टै आधार निर्धारण गरी उम्मेदवार छनौट गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार तथा प्रदेश सरकारद्वारा लिइएको प्रवेश परीक्षामा सफल उम्मेदवारलाई समेत यस छात्रवृत्ति छनौट समितिले छनौट सम्बन्धी छुट्टै आधार निर्धारण गरी उम्मेदवार छनौट गर्न सक्नेछ।

**१७. योग्यताक्रम कायम गर्ने**: (१) छात्रवृत्ति छनौट समितिले दफा १४ बमोजिम सञ्चालन भएको लिखित परीक्षामा वा तोकिएको मापदण्डमा कम्तीमा साठी (६०) प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारको मात्र योग्यताक्रम कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रम कायम गर्दा उम्मेदवारले त्यस्तो लिखित परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कमा यस कार्यविधि बमोजिम छनौट समितिले तोकेको न्यूनतम शैक्षिक योग्यताको परीक्षामा निजले प्राप्त गरेको कुल प्रतिशतको पाच प्रतिशत अङ्क जोडी योग्यताक्रम कायम गरिनेछ।

(३) उपदफा (२) बमोजिम योग्यताक्रम कायम गर्दा कुनै उम्मेदवारहरुको अंक बराबर हुन गएमा दफा १४ बमोजिमको लिखित परीक्षामा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको योग्यताक्रम कायम गरिनेछ र लिखित परीक्षामा समेत अङ्क बराबर भएमा निजहरुको शैक्षिक योग्यता तथा कार्य अनुभवलाई विचार गरी गाउँ कार्यपालिकाले तोकिदिएको मापदण्डको आधारमा योग्यताक्रम कायम गरिनेछ।

(४) यस दफा बमोजिम कायम भएको योग्यताक्रमको सूची छनौट समितिले प्रकाशन गर्नेछ।

**१८. योग्यताक्रम सूची कायम रहनेः** (१) छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि दफा १७ बमोजिम प्रकाशित योग्यताक्रमको मान्यता त्यस्तो योग्यताक्रमको सूची प्रकाशन भएको मितिले एक वर्षसम्म कायम रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो योग्यताक्रमको सूची कुनै शिक्षण संस्थाको एक शैक्षिक सत्रभन्दा बढी अवधिको लागि उपयोग गरिने छैन।

**१९. पुनर्योग गर्न सक्नेः** (१) लिखित परीक्षामा अनुत्तीर्ण हुने कुनै उमेदवारले पुनर्योग गर्न चाहेमा योग्यताक्रम प्रकाशित भएको मितिले पन्ध्रदिनभित्र **अनुसूची–३** बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन सम्बन्धित उम्मेदवारका अभिभावकले समेत दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम पुनर्योगको लागि निवेदन पर्न आएमा गाउँपालिकाले छात्रवृत्ति छनौट समितिको सदस्य सचिवको संयोजकत्वमा तीन सदस्यीय एक पुनर्योग उपसमिति गठन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको पुनर्योग उप–समितिले सात दिनभित्र पुनर्योग गरी आफ्नो सिफारिस छात्रवृत्ति छनौट समिति समक्ष पेश गर्नु पर्नेछ।

(५) पुनर्योग गर्दा निवेदकको नाम योग्यताक्रम सूचीमा समावेश गर्नु पर्ने देखिएमा छात्रवृत्ति छनौट समितिले सिफारिश प्राप्त भएको तीन दिनभित्र निजको नाम समावेश गरी संशोधित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ र पुनर्योग गर्दा निजको नाम समावेश गर्नु नपर्ने भए सो व्यहोराको सूचना गाउँपालिकाको सूचना पाटीमा टाँस गर्नुका साथै website मा समेत राख्नु पर्नेछ।

**२०. उत्तरपुस्तिका गोप्य रहनेः** यस कार्यविधि बमोजिम लिइएको लिखित परीक्षाको उत्तरपुस्तिका गोप्य रहनेछ।

**२१. कबुलियत गर्नुपर्नेः** (१) छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालिममा जानु अघि त्यस्तो व्यक्तिले **अनुसूची–४** बमोजिमको ढाँचामा कबुलियत गरी गाउँपालिकामा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियत गर्दा सम्बन्धित व्यक्तिले नेपाल मेडिकल बोर्डमा दर्ता भएको चिकित्सकद्वारा प्रमाणित गरिएको निरोगिताको सक्कल प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

**२२. छात्रवृत्ति रकम कलेज वा विश्वविद्यालयमा जम्मा गर्नुपर्नेः** (१) छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालिममा जाने उम्मेदवार, अध्ययन गर्ने संस्था तथा गाँउपालिका बीच त्रिपक्षीय सम्झौता गरी गाँउपालिकाको दायित्व रकम सम्बन्धित कलेज वा विश्वविद्यालयको खातामा जम्मा गर्नु पर्नेछ।

**२३. विषय परिवर्तन गर्न नदिइनेः** छात्रवृत्तिमा छनौट भई अध्ययन वा तालिम प्राप्त गरिरहेको व्यक्तिलाई अध्ययन वा तालिमको निमित्त पठाइएको विषय परिवर्तन गर्न दिइने छैन।

तर कुनै व्यक्तिले सम्बन्धित सरकार वा शिक्षण संस्थाको सिफारिश सहित त्यसरी अध्ययन गरेको वा तालिम लिएको विषय परिवर्तन गर्नु पर्ने स्पष्ट कारण देखाई निवेदन दिएमा र सो विषय परिवर्तन गर्न मनासिब देखिएमा गाउँपालिकाको सहमति लिई शिक्षा शाखाले विषय परिवर्तनको स्वीकृति दिन सक्नेछ।

**२४. छात्रवृत्तिको समयावधि थप गर्न सक्ने**: छात्रवृत्तिमा अध्ययन वा तालिमको निमित्त पठाइएको विषय कुनै कारणले पूर्व निर्धारित अवधिभित्र सम्पन्न हुन नसक्ने कारण देखाई म्याद थपको निमित्त कुनै व्यक्तिले आफूले अध्ययन वा तालिम गरेको संस्थाको सिफारिश साथ शिक्षा शाखा समक्ष निवेदन दिएमा शिक्षा शाखाले सो सम्बन्धमा म्याद थपको निमित्त छात्रवृत्ति उपलब्ध हुने नहुने कुराको विचार गरी गाउँपालिकालाई कुनै आर्थिक व्ययभार नपर्ने र भविष्यमा प्राप्त हुने छात्रवृत्तिलाई असर नपर्ने भए अध्ययन वा तालिमको म्याद थप गर्न स्वीकृति दिन सक्नेछ।

**२५. प्रतिवेदन पेश गर्नुपर्ने**: (१) छात्रवृत्ति वा तालिममा जाने व्यक्तिले अध्ययन सकिएको मितिले तीन महिना भित्र **अनुसूची–५** बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश भएको मितिले एक वर्ष भित्र सरकारको स्वामित्व भएको वा सरकारले आर्थिक सहायता प्रदान गरेको कुनै संस्था वा संस्थानको कुनै पदमा एक देखि पाँच वर्षसम्म सेवा गर्न लगाउन सक्नेछ र सो बमोजिम सेवा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ। त्यसरी सरकारले तोकेको सेवा, पद र स्थानमा काम नगर्ने व्यक्ति सरकारको कुनै सेवा वा पद वा सरकारको स्वामित्व भएको वा सरकारले आर्थिक सहायता प्रदान गरेको संस्था वा संस्थानको कुनै पदमा नियुक्त हुन सामान्यतः अयोग्य हुनेछ।

तर,

(क) सरकारले एक वर्षको अवधि भित्र सो व्यक्तिलाई कुनै काम लगाउन नसकेमा निजलाई यो दफा लागु हुने छैन।

(ख) सरकारले एक वर्षको अवधि पश्चात निजलाई गैर सरकारी सेवामा प्रवेश गर्ने अनुमती दिन सक्नेछ र सो बमोजिम अनुमति दिइएकोमा निजलाई यो दफा लागू हुने छैन।

(३) छात्रवृत्ति पाउने व्यक्तिले सो छात्रवृत्तिमा अध्ययन गरी वा तालिम लिई रहेको अवस्थामा सरकारको पूर्व स्वीकृति नलिई सरकारले स्वीकृत गरेको विषय वाहेक अन्य विषयमा वा सोही विषयमा पनि अझ उच्चस्तर अध्ययन वा तालिम लिन छात्रवृत्ति प्राप्त गरेपछि सरकारको स्वीकृति नलिई अध्ययन वा तालिम समाप्त नगरी बीचैमा छाड्नु हुँदैन।

**२६. दण्ड सजाय**: (१) कुनै गाउँपालिका भन्दा बाहिरको नागरिकले गाउँपालिका भित्रको नागरिक हुँ भनी ढाँटी छात्रवृत्ति प्राप्त गरेमा निजबाट विगो असुल उपर गरी निजलाई दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) गाउँपालिकाभन्दा बाहिरको नागरिकलाई गाउँपालिकाभित्रको नागरिक हो भनी प्रमाणित गरी वा गराई त्यस्ता नागरिकले छात्रवृत्ति प्राप्त गरेमा सो प्रमाणित गर्ने वा गराउने व्यक्तिलाई दुई हजार रुपैयाँ सजाय हुनेछ।

(३) यस कार्यविधि बमोजिम छात्रवृत्तिमा अध्ययन गर्न गएको व्यक्ति अध्ययन पूरा गरी गाउँपालिकामा सम्पर्क गर्न नआएमा निजको लागि त्यस्तो छात्रवृत्तिमा अध्ययन गर्दा लागेको सम्पूर्ण खर्च र सरकार वा कुनै संस्थाले कुनै किसिमको अनुदान (डोनेशन) दिएको भए सो अनुदान बराबरको रकम निजलाई जरिबाना हुनेछ।

(४) कसैले दफा २४ बमोजिमको कुनै शर्त उल्लघंन गरेमा निजलाई देहाय बमोजिमको सजाय हुनेछ।

(क) दफा २४ को उपदफा (२) बमोजिम सरकारले तोकि दिएको पद र स्थानमा काम नगरेमा वा काम गर्न छोडेमा विगो असुल गरी दश हजार रुपैयाँसम्म जरिवाना,

(ख) कुनै शारीरिक वा मानसिक बिरामीले गर्दा असमर्थ भएकोमा वा सरकारबाट पूर्व स्वीकृति लिएकोमा वाहेक शर्त बमोजिमको अवधि पूरा नगरी बीचैमा अध्ययन गर्न वा तालिम लिन छोडेमा विगो असुल गरी पाँच हजार रुपैयाँसम्म जरिवाना,

(ग) अन्य कुनै शर्तको उल्लंघन गरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना,

(५) उप–दफा ४(ग) को तात्पर्यको लागि कुनै व्यक्ति शारीरिक वा मानसिक बिरामीले गर्दा असमर्थ भएको हो भन्ने कसैले जिकीर लिएमा निजले सो कुरा नेपाल मेडिकल बोर्डद्वारा प्रमाणित गराउनु पर्छ ।

**२७. छात्रवृत्ति रकम निर्धारणः** (१) सरकारले यस कायविधि बमोजिम रकम असुल गर्दा छात्रवृत्तिको विषय, स्तर, अवधि तथा छात्रवृत्ति बमोजिम अध्ययन गर्ने वा तालिम लिने स्थान र संस्थाको आधारमा रकम निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम रकम निर्धारण गर्दा प्राविधिक वा अप्राविधिक विषयमा अध्ययन गर्दा सम्बन्धित शिक्षण संस्थामा लागेको शिक्षण शुल्क तथा कुनै अनुदान तिरेको भए त्यस्तो अनुदान रकम बराबरको रकम निर्धारण गर्नु पर्नेछ ।

**२८. सरकारी बाँकि सरह असूल गरिने**ः गाउँपालिकाले निर्धारण गरेको विगो सम्बन्धित व्यक्तिले तीन महिनाभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ । सो म्यादभित्र कुनै व्यक्तिले सो नबुझाएमा त्यस्तो विगो नेपाल सरकारको प्रचलित कानून अनुसार सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**२९. दरखास्त दिन अयोग्य हुने**ः कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी दरखास्त दिएको पाइएमा निजलाई दुई वर्षसम्म छात्रवृत्तिको लागि हुने परीक्षामा दरखास्त दिन अयोग्य हुने गरी सूचीकृत गरिनेछ ।

**३०. पुनः छात्रवृत्तिमा छनौट नगरिने**ः (१) छात्रवृत्तिमा छनौट भएको कुनै व्यक्ति छात्रवृत्तिमा नगएमा वा त्यस्तो व्यक्तिले यस कार्यविधि विपरीतको अन्य कार्य गरेमा निजलाई कानून बमोजिम सजाय गर्नुका साथै पुनः छात्रवृत्तिमा छनौट गरिने छैन ।

(२) गाउँपालिकाले छात्रवृत्तिमा नजाने वा कार्यविधि बमोजिम सजाय पाएको व्यक्तिको विवरण अद्यावधिक गराई राख्नेछ ।

**३१. मापदण्ड बनाउने गाउँपालिकाको अधिकार**ः (१) यो कार्यविधिको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले **अनुसूची – ६** बमोजिमको छात्रवृत्ति मूल्यांकन सम्बन्धी मापदण्ड बनाउनेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपारी देहायको विषयहरुमा समेत मापदण्ड बनाउन सकिनेछः–

(क) छात्रवृत्तिको विषय स्वीकृति गर्ने,

(ख) उम्मेदवार छनौट गर्ने तरिका,

(ग) छात्रवृत्तिको अवधि थप्ने,

(घ) एक विषयमा छात्रवृत्ति पाएको व्यक्तिले सो विषय परिवर्तन गर्ने,

(ङ) अध्ययन वा तालिम सकिएपछि प्रतिवेदन गर्ने, र

(च) सरकारी कर्मचारीलाई अध्ययन सम्बन्धी विदा दिने ।

**३२. संशोधन वा थपघट गर्ने अधिकार**ः यो कार्यविधिलाई संशोधन वा थपघट गर्ने अधिकार राप्ती सोनारी गाँउ कार्यपालिकामा निहित हुनेछ ।
**३३. बचाऊ**ः यस अघि यस गाँउ कार्यपालिकाबाट प्रचलित कानून बमोजिम भए गरेका छात्रवृत्ति दिने सम्बन्धी निर्णय वा आदेश यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची –१

दफा १४ संग सम्बन्धित

छात्रवृत्ति दरखास्त फारम

राप्ती सोनारी गाउँपालिका

अगैया, बाँके

विषयः छात्रवृत्ति दरखास्त सम्बन्धमा ।

हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो

आवेदकको नाम थर/:-

बुवाको नाम थर/:-

स्थायी ठेगाना :- बाँके जिल्ला राप्ती सोनारी गाउँपालिका वडा नं.........टोल..................................

हालको ठेगाना :-जिल्ला बाँके राप्ती सोनारी गाउँपालिका वडा नं.........टोल.................................

शैक्षिक योग्यता :- अघिल्लो तह/कक्षा उत्तीर्ण विद्यालय/क्याम्पस

| क्र.सं. | पास गरेको शिक्षण संस्था | तह | पास गरेको वर्ष | प्राप्ताङ्क / ग्रेड / प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

हाल अध्ययन गर्ने संकाय / गरिरहेको तह :-

| क्र.सं. | अध्ययन गर्ने तह | संकाय | अध्ययन गर्ने विद्यालय/क्याम्पस | प्राप्ताङ्क / ग्रेड / प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

पारिवारीक अवस्था :- जग्गा

| विगाहा | कठ्ठा | धुर | घर संख्या | घरको प्रकार | | |
|---|---|---|---|---|---|---|
| | | | | कच्ची (५) | अर्ध पक्की (३) | पक्की (१) |
| | | | | | | |

बुवा आमाको/आर्थिक स्रोत :- वार्षिक आम्दानी................बुवा/ आमाको पेशामा चिन्ह लगाउनु होस् ।

| जागिर/ नोकरी | व्यवसाय | ज्याला/मजदुरी | ठेक्का/पट्टा | कृषि | अन्य भए उल्लेख गर्ने |
|---|---|---|---|---|---|
| | | | | | |

मुक्त कमलहरी भए ठिक चिन्ह लगाउनु होस् ।

द्धन्द्ध पिडित भए ठिक चिन्ह लगाउनु होस् ।

जातजाती :- ब्राहमण क्षेत्री

जनजाती दलित

मुस्लिम मधेशी

अन्य

लिङ्ग :- महिला पुरुष

अपाङ्गता भए ठिक चिन्ह लगाउनुहोस् ।

दृष्टि अपाङ्गता मानसिक

शारीरिक अन्य भए उल्लेख गर्ने

परिवार संख्या :- अध्ययन गर्ने भाई बहिनीको संख्या :- तह :-

आवेदन दिएको छात्रवृत्तिको विवरण उल्लेखित मध्ये कुनै एक वा समूह अनुसार सबैमा चिन्ह लगाउनु होस् ।

अपाङ्ग दलित महिला जेहेन्दार

प्राप्त गर्ने छात्रवृत्तिको तहमा चिन्ह लगाउनु होस् ।

१) विद्यालय शिक्षा (कक्षा १- १०)

२) माध्यमिक शिक्षा (कक्षा ११- १२)

३) प्राविधिक तथा व्यसायिक शिक्षा

४) उच्च  शिक्षा साधारण

आफुले छात्रवृत्ति पाउनु पर्ने कारण (बाकसमा उल्लेख गर्ने) :-

**निर्धारण गरिएको कोटा**

माथि भरेको विषय बस्तु ठिक हो भनी सिफारिस गर्ने :-

वडाध्यक्षको सही :-

वडा कार्यालयको छाप :-

संलग्न गर्नु पर्ने कागजातहरु :-

१. निवेदन

२.  नेपाली नागरिकता वा जन्म दर्ताको प्रमाण पत्र।

३.  शैक्षिक योग्यताको प्रमाण पत्र।

४. हाल अध्ययनरत विद्यालयको सिफारिस पत्र।

५.  सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

६. मुक्त कमलहरी परिचय पत्र।

७ . अपाङ्गता परिचय पत्र।

८. द्वन्द्व पिडित परिचय पत्र।

आवेदकको नाम :-

सम्पर्क नं .:-

हस्ताक्षर :-

ठेगाना :-

अनुसूची–२

(दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

श्री ...................गाउँपालिका,

राप्ती सोनारी गाँउपालिका, अगैया, बाँके।

विषयः  विपन्नको सिफारिस गरिएको।

उपरोक्त सम्बन्धमा श्री ........................ को नाति / नातिनी श्री ....................... .. को छोरा/ छोरी ........... जिल्ला ................ गाउँपालिका वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति .......... देखि........ सम्म .............सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन्। निज............................................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हनु पाउने व्यवस्था गरिदिनुहुन सिफारिस गरिएको छ। माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला।

सिफारिस गर्नेको,–

कार्यालयको छापः              सही

नामः

पदः

कार्यालयः

मितिः

अनुसूची – ३

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

पुनर्योग गर्न दिइने निवदेन

श्री राप्ती सोनारी गाउँपालिका

अगैया, बाँके।

त्यस गाँउपालिकाबाट मिति ......................... मा छात्रवृत्तिको लागि लिइएको...................................... समूह/ विषयको लिखित परीक्षामा रो.नं. ........... भएको म मेरो छोरा छोरी नाति नातिनी ................................... ले ................. अंक प्राप्त गरेकोमा म मेरो हाम्रो चित्त नबुझी सो विषयमा पुनर्योग गर्न चाहेकोले नियमानुसार लाग्ने शुल्क रु. ................... यसै साथ राखी यो निवेदन गरेका छु।

विद्यार्थी वा अभिभावकको,–

सहिः

नामः

ठेगाना

मितिः

अनुसूची–४

(दफा २१ को उपदफा (१) सँग सम्बन्धित)

कबुलियतनामा

श्री ............................ को नाति/नातिनी श्री ............................ को छोरा/छोरी जिल्ला बाँके राप्ती सोनारी गाउँपालिका वडा नं.................. मा स्थायी बसोबास भएको मिति ........................ मा जन्मेको म ........................... गाउँपालिकाबाट.......................................विषयमा अध्ययन/तालिमका लागि............................. संस्था/देशमा निशुल्क/आंशिक/सशुल्क छात्रवृत्तिमा छनौट भएकोले सो अध्ययन/तालिम पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८० बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा र अध्ययन/तालिममा जाँदा आउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य खर्च बापतको रकम समेत बुझाउनेछु ।

सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी ................................... मार्फत गाउँपालिकामा बुझाएँ ।

ल्याप्चे सहीछाप

छात्रवृत्ति पाउनेको,–

सही

नाम

सम्पर्क ठेगाना टेलिफोन नम्बरः मिति

नोटः

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ ।

अनुसूची – ५

(दफा २५ सँग सम्बन्धित)

अध्ययन पश्चात पेश गर्ने प्रतिवेदन

श्री राप्ती सोनारी गाउँपालिका,

अगैया, बाँके

विषयः  प्रतिवेदन पेश गरेको ।

नेपाल सरकार/ प्रदेश सरकार/ यस राप्ती सोनारी गाँउपालिकाबाट छात्रवृत्तिमा छनौट भई................................ सरकार वा संस्थाको छात्रवृत्तिमा वि.सं./ सन् ..............मा................... विषयमा अध्ययन/तालिम गर्न गएकोमा सो अध्ययन/ तालिम सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेको,

सहीः

नामः

ठेगानाः

मितिः

**उल्लेख गर्नु पर्ने विवरण**

(क) अध्ययन वा तालिमको विषयः

(ख) अध्ययन वा तालिम दिएको संस्थाको नाम र ठेगानाः

(ग) अध्ययन वा तालिममा गएको स्थानः

(घ) हासिल गरेको शैक्षिक योग्यता वा तालिमः

(ङ) अध्यय वा तालिम समाप्त भएको मितिः

(च) विदेशमा अध्ययन वा तालिममा गएको भए नेपाल आइपुगेको मितिः

(छ) अध्ययन वा तालिम अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रमः

(आफ्नो विषयसँग सम्बन्धित सबै तहको पाठ्यक्रमको एकप्रति संलग्न हुनु पर्ने)

(ज) अध्ययन वा तालिम लिंदा आई परेका समस्याहरुः

(झ) अध्ययन वा तालिम लिंदा भएको खर्चः

(ञ) हवाई टिकट खर्च (हवाई मार्ग प्रयोग गरेकोभए टिकट मूल्यः

(१) जाँदा

(२) फर्कदाः

(ट) हवाई मार्ग प्रयोग नगरी अन्य कुनै साधन प्रयोग गरेको भए सो वापत लागेको खर्च

(१) जाँदा

(२) फर्कदाः

(ठ) अध्ययन वा तालिम अवधिभर कुनै मान, पदवी र पुरस्कार प्राप्त गरेको भए सो को विवरण (प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेः

(ड) अध्ययन अवधिमा विषय परिवर्तन

अनुसूची – ६

दफा ३१ संग सम्बन्धित

छात्रवृत्ति मूल्याङ्कन सम्बन्धी मापदण्ड

(क) मूल्यांकनका मूख्य विषय ५० अंक

| सि नं | मूल्यांकनका आधार | प्राप्त अंक |
|---|---|---|
| १ | अघिल्लो तह/कक्षा | १० |
| २ | हाल अध्ययनरत तह/कक्षा | १० |
| ३ | पारिवारिक अवस्था | १५ |
| ४ | वार्षिक आम्दानी | १५ |

(ख) विद्यालय र ग्रेड १० अंक

| सि नं | मूल्यांकनका आधार | प्राप्त अंक |
|---|---|---|
| १.१ | सामुदायिक विद्यालयबाट उत्तीर्ण | ५ |
| १.२ | संस्थागत विद्यालयबाट उत्तीर्ण | ३ |
| १.३ | ग्रेड B+ भन्दा माथि | ५ |
| १.४ | ग्रेड B भन्दा मुनी | ३ |

(ग) अध्ययन गर्ने विषय र तह १० अंक

| सि नं | मूल्यांकनका आधार | प्राप्त अंक |
|---|---|---|
| २.१ | प्राविधिक धार तर्फ | ५ |
| २.२ | साधारण तर्फ | ३ |
| २.३ | १२ वा डिप्लोमा तह | ५ |
| २.४ | स्नातक वा सो भन्दा माथि | ३ |

(घ) घरको अवस्था ५ अंक

| सि नं | मूल्यांकनका आधार | प्राप्त अंक |
|---|---|---|
| ३.१ | कच्ची घर | ५ |
| ३.२ | अर्ध पक्की घर | ३ |
| ३.३ | पक्की घर | १ |

(ङ) जमिनको अवस्था ५ अंक

| सि नं | मूल्यांकनका आधार | प्राप्त अंक |
|---|---|---|
| ३.४ | सुकुम्बासी | ५ |
| ३.५ | १० धुर देखि ५ कट्ठा सम्म | ३ |
| ३.६ | ५ कट्ठा देखि माथि | २ |

(च) पेशा रोजगार ५ अंक

| सि नं | मूल्यांकनका आधार | प्राप्त अंक |
|---|---|---|
| ३.७ | दैनिक ज्याला मजदुरी | ५ |
| ३.८ | अस्थायी वा करार जागिर | ३ |
| ३.९ | स्थायी जागिर वा व्यवसाय | २ |

(छ) वार्षिक आम्दानी १५ अंक

| सि नं | मूल्यांकनका आधार | प्राप्त अंक |
|---|---|---|
| ४.१ | एक लाख भन्दा कम | १५ |
| ४.२ | एक लाख भन्दा माथि दुई लाख पचास हजार भन्दा कम | १० |
| ४.३ | दुई लाख पचास हजार भन्दा माथि | ५ |

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत